
# लेखापरीक्षण प्रतिवेदन

## फालेलुङ गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## फालेलुङ गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/149

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर।

## कैफियतसहितको राय

हामीले **फालेलुङ गाउँपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ६८ लाख ४० हजार, गरिबसँग विश्वश्वर कार्यक्रमको रु.७ लाख ३० हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. ८ लाख ९० हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ९ लाख ६० हजार, स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु. ८० लाख, धरौटी २८ लाख ७३ हजार समेत गरी रु.९ करोड २ लाख ९३ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्व १३ करोड ३८ लाख २० हजार लेखापरीक्षण गरिएकोमा रू. ९५ लाख ४२ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. २८ लाख ९७ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. १४ लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु.४१ लाख ८६ हजार र पेस्की बाँकी रु.२ लाख ५० हजार रहेको छ। गत वर्षसम्मको रु.१४ करोड ९४ लाख ८६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१५ करोड ६१ लाख ३१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **फालेलुङ गाउँपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार

हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवार **फालेलुङ गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६० | ३३ | ९५,४१,७५० | ० | १८ | २८,९६,९२३ | ० | ६० | १५ | ६६,४४,८२७ | १४,३९,६७१ | ४१,८५,७११ | ७,६९,४४५ | ० | ० | ४९,५५,१५६ | २,५०,००० |

#### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाँचथर | १४,९४,८६,००० | ० | ० | १४,९४,८६,००० | 0 | ६६,४४,८२७ | १५,६१,३०,८२७ |

#### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १९ | साना सिचाँई कार्यक्रम : | ३,५३,३८६ |
| २ | २०८०/८१ | १३ | समपरक अनुदान : | २०,३१,४३७ |
| ३ | २०८०/८१ | ५१ | विल भरपाई : | १,९१,१५८ |
| ४ | २०८०/८१ | ६६.२ | विद्यार्थी छात्रवृत्री : | ३२,१०० |
| ५ | २०८०/८१ | १५ | मिनि ट्रिलर : | २०,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ५० | बढी भुक्तानी : | १०,५९७ |
| ७ | २०८०/८१ | ४७ | फोटोकपी बिल : | २,२२,५६५ |
| ८ | २०८०/८१ | १४ | जिन्सी दाखिला : | १९,४८० |
| ९ | २०८०/८१ | ४० | करार कर्मचारीको अन्य सुविधा : | १६,२०० |
| जम्मा | | | | २८,९६,९२३ |

# (८०१०२५०३३०० - फालेलुङ गाउँपालिका, पाँचथर )

## परिचय

१ **परिचय :**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस याङ्वरक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व, समन्वयलाई प्रवर्द्धन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । । यस गाउँपालिका अन्तर्गत वडा संख्या ८ वटा, सभा सदस्य संख्या ४५ जना, क्षेत्रफल २०७.१४ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या २० हजार ३६१ जना रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१० देखि २०८१।०५।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१,१३,३८,२०,२४१.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा असुल भइ दाखिला प्रमाण पेश भएको छैन ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय सञ्चित कोष :**

२.१ पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार पालिकाको आर्थिक वर्ष २०८०।८१ को स्थानीय सञ्चित कोषको आय व्यय विवरण निम्नानुसार रहेको छ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८४०१६३४९ | ० | ८४०१६३४९ | ८३४५३०८२ | ० | ८३४५३०८२ |
| १३००० | अनुदान | | ३८४३६२११३ | ० | ३८४३६२११३ | ४०२७६४३७६ | ० | ४०२७६४३७६ |
| १४००० | अन्य राजस्व | | ६४६७४२१ | ० | ६४६७४२१ | ० | ० | ० |
| १५००० | विविध प्राप्ति | | ३३८९९२ | ० | ३३८९९२ | ० | ० | ० |
| ३३३९१ | अन्य बाँडफाँड हुने राजश्व संकलन | | ६००० | ० | ६००० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ४७५११९०८७६ | | ४७५११९०८७६ | ४८६२१७४५७ | | ४८६२१७४५७ |
| ३ | चालु | | ३३३६५३६७७ | ० | ३३३६५३६७७ | ३३०४०८४९३ | ० | ३३०४०८४९३ |
| २१००० | पारिश्रमिक / सुविधा | | २१८११९१८८ | ० | २१८११९१८८ | १८८६०४८४० | ० | १८८६०४८४० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १०५४७७७०१ | ० | १०५४७७७०१ | ११४२८२४६७ | ० | ११४२८२४६७ |
| २५००० | सहायता (Subsidy) | | १९५७६०० | ० | १९५७६०० | ११७१९३६१ | ० | ११७१९३६१ |
| २७००० | सामाजिक सुरक्षा | | ६९८८७६१ | ० | ६९८८७६१ | ११७६३८२० | ० | ११७६३८२० |
| २८००० | अन्य खर्च | | १९१०४२७ | ० | १९१०४२७ | ४०३८००४ | ० | ४०३८००४ |
| ४ | पूंजीगत | | १४५२६६२४२ | ० | १४५२६६२४२ | १७४३७५५८८ | ० | १७४३७५५८८ |
| ३११११० | भवन तथा संरचना | | २७३६११२२ | ० | २७३६११२२ | ४०९५५७४५ | ० | ४०९५५७४५ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | | ५१७४४८७ | ० | ५१७४४८७ | १२९५३९८६ | ० | १२९५३९८६ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ६६५६९३९ | ० | ६६५६९३९ | ९२०५०६७ | ० | ९२०५०६७ |
| ३११५० | सार्वजनिक निर्माण | | १०३८८४३१९ | ० | १०३८८४३१९ | १०८७७१५८५ | ० | १०८७७१५८५ |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | | १४४१७७८ | ० | १४४१७७८ | २४८९२०५ | ० | २४८९२०५ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ६४७७९७ | ० | ६४७७९७ | ० | ० | ० |
| ३१३१० | बहुमूल्य सामानहरु | | ९९८०० | ० | ९९८०० | ० | ० | ० |
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४७८९१९९१९ | | ४७८९१९९१९ | ५०४७८४०८१ | | ५०४७८४०८१ |
| ग) | बचत /कमी (ग = क-ख ) | | -३७२९०४३ | | -३७२९०४३ | -१८५६६६२३ | | -१८५६६६२३ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका | | ४८६९९१४ | | ४८६९९१४ | २६०६६१२ | | २६०६६१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्य कोषको मौज्दात को थप/घट (+/-) | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी / दाखिला गर्न बाकी | | | | | | |
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ११४०८७१ | | ११४०८७१ | -१५९६००११ | | -१५९६००११ |
| च) | गत आ.व. को नगद तथा बैंक मौज्दात | १११३४२८४ | | १११३४२८४ | २७०९४२९४ | | २७०९४२९४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १२२७५१५५ | | १२२७५१५५ | १११३४२८४ | | १११३४२८४ |

उल्लेखित कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्वन्धित दफामा समावेश गरिएको छ ।

२.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,६८,३९,८१४, गरिबसंग बिश्वेवर कार्यक्रम रु ७,२९,९८०, राष्ट्रपति महिला सशक्तिकरण परियोजना रु ८,८९,९७२, स्वाथ्य क्षेत्र सुधार कर्यक्रम रु.९,६०,०००, स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु.८,०००,००० र धरौटी रु २८,७२,९८१ समेत गरी रु ९,०२,९२,७४७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १११३४२८३.५९, यस वर्षको प्राप्ति रु, १२९९५२०९२.१२ यस वर्षको भुक्तानी रु.९८८०९३१०.२२ र बैङ्क मौज्दात रु.३११४२७८१.९२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७०) | १११३४२८३.५९ | ४७५१९०८७५.८४ | ४७८९१९९१८.७९ | ७४०५२४०.६३ |
| एकीकृत आर्थिक विवरणअनुसार | १११३४२८३.६१ | ६०५१४२९६७.९६ | ५७७७२९२२९.०१ | ३८५४८०२२.५६ |
| फरक | -०.०१ | -१२९९५२०९२.१२ | -९८८०९३१०.२२ | -३११४२७८१.९२ |

२.४ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| सि.नं. | खाताको नाम | खाता नं. | श्रेस्ता अनुसार | बैंक अनुसार | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन | ७३०१०००००००३२६००००० | ३५९६४ | ३५९६४ | ० | |
| २ | स्थानीय विविध कोष | ७३०१०००००००३२३००००० | ५४८७९३ | ५४८७९३ | ० | |
| ३ | धरौटि खाता | ७३०१०००००००३२१००००० | ६६९७४१५ | ६६९७४१५ | ० | |
| ४ | आन्तरिक राजश्व | ७३०१०००००००३१२००००० | -३२२१५८ | ० | -३२२१५८ | |
| ५ | संचित कोष | ७३०१०००००००३२२००००० | १७२५९५८ | १७२५९५८ | ० | |
| ६ | विविध खर्च | ७३०१०००००००३२००००० | ३२६७०२४ | ३२६७०२४ | ० | |
| जम्मा | | | ११९५२९९७ | १२२७५१५५ | -३२२१५८ | |

२.५ ऋणात्मक मौज्दात - सुत्रको म ले प फा नं २७० -०१ को प्राप्ती तथा भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन अनुसार पालिकाको यस बर्ष कुल रु ४७५१९०८७५।८४ आम्दानी भएकोमा चालु तर्फ रु ३३३६५३६७६।७९ र पुजिगत तर्फ रु १४५२६६२४२।०० गरी कुल रु रु ४७८९१९९१८।७९ खर्च भएको छ । यसरी पालिकाले यस बर्ष आफ्नो आम्दानी भन्दा रु ३७२९०४२।९५ बढी खर्च गरेको देखियो । पालिकाले आम्दानी बृध्दी गर्ने र खर्च नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२.६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २८३२०९, पुँजीगत खातामा रु. ६१७९४४ आन्तरिक राजस्व खातामा रु ५५६१२४।८१, राजस्व बाँडफाँड खातामा रु.१३२८९०।४० समेत रु. १५९०१६९।५४ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरु प्रत्येक वर्षको वैशाख दश गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको वैशाख पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले अध्यक्षको संयोजकत्वमा समितिको गठन भएको भएपनि ऐनमा व्यवस्था भएअनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारणसम्बन्धी कार्य गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपणसम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४ **वजेट रकमान्तर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७९ को दफा ३ अनुसार एक शीर्षकबाट अर्को शीर्षकको जममा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न गाउँ सभाको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयबाट १५२ वटा योजना संशोधन गरी १२० वटा थप योजनामा रु ४करोड ७६लाख ९२ हजार ५ सय रुपैँया मात्र रकमान्तर गरी खर्च गरेको र उक्त निर्णय गाउँ सभाबाट समेत अनुमोदन गरिएको छ ।

उक्त रकम कुल वजेटको तुलनामा ८.७७ प्रतिशत रहेको छ । पालिकाले आगामी वर्षमा योजना टुक्रा गरी एक शीर्षकबाट अन्य शीर्षकमा वजेट रकम रकमान्तर गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री महेन्द्रहाङ जवेगु ले २०८०।३।१० गते रु. ५० करोड ८२ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८०।०३।१८ मा पारित भएको छ । यसैगरी गाउँपालिका अध्यक्षले २०८०।०३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **बजेट अवण्डा राखेको :**

स्थानीय निकायको सभाबाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ। पालिकाले गाउँसभाबाट २०८०।८१ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी अध्यक्ष उपाध्यक्षबाट बाडफाँड हुने पूर्वाधार योजना रु. १५०००००।बजेट विनियोजन गरी अवण्डा राखेको छ। गाउँसभाबाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने र स्वविवेकिय आधारमा योजना बाँडफाँड गर्न नपाइने हुँदा गाउँसभाबाट नियममा तोकिए वमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनुपर्दछ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्रसं | योजनाको नाम | भुक्तानी पाउने व्यक्ती/फर्मको नाम | बजेट | खर्च |
|---|---|---|---|---|
| १ | व्याटमिन्टनकोर्ट निर्माण | कार्यलय सहयोगी श्री सोनाम हाङसारुम्बा | ६५८६६ | ६४३६० |
| २ | लुदिनटार-चापबोटे-पोखरिटारभैसे मोटर बाटो मर्मत | ५ नं वडा सचिव श्री विक्रम झाङमी | ६१२९६ | ६१२१५ |
| ३ | स्वास्थ्य क्षेत्रको सामाजिक परिक्षण | श्री पाथिभरा परामर्श सेवा केन्द्र | ३७४५०० | ३७४५०० |
| ४ | फालेलुङ प्रशासकीय भवन सेप्टी टैंकी निर्माण | याङ्युङ निर्माण सेवा | ६०३६८१ | ६०३६८१ |
| ५ | वरडाँडा देखि गौलीडाँडा मोटरबाटो निर्माण/मर्मत तथा गढिडाँडा खोक्चे मोटरबाटो निर्माण | मन्दिशा एण्ड एम.एस.डि. कन्स्ट्रक्स नप्रा.लि. | ३००००० | २८४९३० |
| | **जम्मा** | | **१४०५३४३** | **१३८८६८६** |

८ **पारित बजेट भन्दा बढिको अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भए अनुसार मिति २०८०।०३।२४ गते रु. ५० करोड ८२

लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा पेस भएको बजेट सोहि मितिमा पारित भएको देखियो । पारित बजेट बराबरकै खर्च गर्ने अख्तियारी गाउँपालिका अध्यक्ष्यले प्रमुख प्रशासकिय अधिकृतलाई दिनु पर्नेमा मिति २०८०।०३।२४ मा रु ६५ करोड १७ लाख ४४ हजारको खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको पाईयो । यसरी गाउँसभाबाट सर्व सम्मतिले पारित गरेको वजेट भन्दा रु १४ करोड ३४ लाख ६४ हजार बढि हुने गरि खर्च गरेकोमा गांउ सभावाट अनुमोदन भएको देखिएन । यसरी गाउँसभाबाट सर्व सम्मतिले पारित गरेको वजेट भन्दा बढि हुने गरि खर्च गर्न अख्तियारी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

**९ क्षेत्रगत बजेट र खर्चको स्थिति :**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्च (प्रतिशत) |
|---|---|---|---|
| आर्थिकविकास | ९,३८,५८,१००.०० | ८,६०,८४,६३४.२५ | ९१.७२ |
| सामाजिकक्षेत्र | २६,८१,४१,४६०.०० | २४,२३,४०,१३९.३० | ९०.३८ |
| पूर्वाधारविकासक्षेत्र | ८,९०,४६,३००.०० | ६,४८,२७,२२९.०० | ७२.८ |
| वातावरणतथाविपद्व्यवस्थापन | २६,२१,०००.०० | १६,२१,६६९.५४ | ६१.८७ |
| संस्थागतविकासरसेवाप्रवाह | | | |
| वित्तीयव्यवस्थापनरसुशासन | | | |
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | ९,०४,३२,२४०.०० | ८,४०,४६,२४६.७० | ९२.९४ |
| **जम्मा** | ५४,४०,९९,१००.०० | ४७,८९,१९,९१८.७९ | ८८.०२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकास क्षेत्र मा सबैभन्दा बढी ९१.७२ प्रतिशत र संस्थागत विकास र सेवाप्रवाह मा सबै भन्दा घटीमा ६१.८७ प्रतिशत रहेको छ ।

**१० क्षेत्रगत बजेट र खर्चको स्थिति :**

विनियोजनभन्दा वढी खर्च आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु.४८ लाख ८९ हजार बढी खर्च गरेको छ । निर्धारित बजेटको सीमा नाघी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| क्रसं | शीर्षक | विनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | विभिन्न | ९०५६९६८४।४५ | ९५४५८९५८।९० | ४८८९२७४।४५ |

**११ त्रैमासिक खर्च :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार पारि केन्द्रिय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत कार्यक्रम अनुसारको खर्चको स्थिति त्रैमासिक रुपमा उपलब्ध गरएको छ । पालिकाले उपलव्ध गराएको त्रैमासिक खर्चको स्थिति विश्लेषण गर्दा निम्न अनुसार अन्तिम चौमासिकमा एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| विवरण | कुलखर्च | त्रैमासिक खर्चको विवरण | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| चालुतर्फ | ३३,३६,५३,६७६.७९ | ७,५९,३३,७७८.६७ | ६,५३,०४,५४३.०३ | ७,७६,६५,६५४.३७ | ११,४७,४९,७००.७२ | ८,१२,००,६ |
| पुँजिगततर्फ | १४,५२,६६,२४२.०० | १,७३,५३,५०८.०० | २,८८,९१,६७४.०० | २,४५,४७,३३८.०० | ७,४४,७३,७२२.०० | ५,२६,०१,४ |

१२ **आर्थिक सहायता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.१० हजार देखि १५ हजारसम्म गरी रु.४ लाख ८५ हजार आर्थिक सहायता वितरण गरेका छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **समपरक अनुदान :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२,०३१,४३६.६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१४ **जिन्सी दाखिला :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **१९,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१५ **मिनि ट्रिलर :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१६ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम १०६(१) मा नियम ९९ बमोजिम सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुन: प्रयोग गर्न नसकिने, मर्मत गरी पुन: प्रयोग गर्न सकिने भएतापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चीस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रक्रिया शुरु गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक वर्षमा जिन्सी निरीक्षणबाट लिलाम गर्नुपर्ने भनि तोकिएका जिन्सी मालसामानहरु लिलाम बिक्री गरेको पाइएन । जिन्सी मालसामानहरु नियमानुसार प्रकृया पुराई लिलाम बिक्री गर्नुपर्दछ ।

१७ **धरौटी सदरस्याहा :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ मा प्रचलित कानूनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनुपर्ने अन्यथा नियम ६७(३) बमोजिम सो रकम राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयले विगत आर्थिक वर्ष देखी अल्या गर्दै आएको धरौटी रकम रु.

६६,९७,४१५ सदरस्याहा गरेको पाइएन । प्रयोजन र म्याद सकिएका लामो समयसम्म पनि फिर्ता लिन नआएको धरौटी नियमावलीमा भएको प्रक्रियानुसार राजस्व दाखिला हुनुपर्दछ ।

१८ **कार्यक्रम सञ्चालन नभएको :**

कार्यक्रम सञ्चालन नभएको- गाउँ सभाको बैठक बाट पारित भएको स्वीकृत निम्न कार्यक्रमहरु यस वर्ष कार्यान्वयन भएको पाइएन । यसबाट लक्षित लाभग्राही सो सेवाबाट वञ्चित भएको देखिएकोले स्वीकृत कार्यक्रम अनिवार्य रुपमा कार्यान्वयन गरिनुपर्दछ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | पुर्व प्राथमिक शिक्षा कार्यक्रम | २१११११ | राजस्व बाँडफाँड - | १० | पटक | ४०६०००० | ० |
| २ | विद्यालयमा अतिरिक्त क्रियाकलाप कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत | १ | पटक | ३५०००० | ० |
| ३ | विद्यालयहरुमा जैविक विविधता संरक्षण सचेतना कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत | १ | पटक | ३००००० | ० |
| ४ | पञ्चवर्षिय आवधिक योजना निर्माण/अद्यावधिक | २२५२२ | राजस्व बाँडफाँड - | १ | पटक | २१५००० | ० |
| ५ | उद्यमशिलता विकास कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - | १ | पटक | ८७७२६ | ० |
| ६ | वन तथा वातावरण एवं रैथाने प्रजातिको बोटविरुवा संरक्षण कार्यक्रम | २२५२९ | आन्तरिक श्रोत | १ | गोटा | २००००० | ० |
| ७ | पानावा झर्ना-गुप्तेश्वर महादेवस्थान-फक्ताङलुङ-माङहिम-थाम्चुलि-कञ्चजङा भ्यूटावर सडक - संघीय समपुरक कोष | ३११५१ | समानिकरण अनुदान | १ | संख्या | १५०००० | ० |
| ८ | कृषि किवि प्रवर्द्धन कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | १००००० | ० |
| ९ | कृषि अनुशन्धान | २२५२२ | समानिकरण अनुदान | १ | पटक | २००००० | ० |
| १० | संग्रहालय प्रहरी चौकी रिङरोड निर्माण | ३११५१ | आन्तरिक श्रोत | १ | गोटा | ४००००० | ० |
| ११ | कृषि उपज संकलन केन्द्र सुदृढीकरण | २२५२२ | समानिकरण अनुदान | १ | गोटा | १००००० | ० |
| १२ | सामुहिक खेती विकास पवर्द्धन कार्यक्रम | २२५२२ | समानिकरण अनुदान | १ | गोटा | ३०९००० | ० |
| १३ | सामुहिक खेती विकास पवर्द्धन कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत | १ | गोटा | १४१००० | ० |
| १४ | अन्य कार्यक्रम खर्च | २२५२९ | आन्तरिक श्रोत | १ | गोटा | ५९००० | ० |
| १५ | लक्षीत वर्ग चेतनामूलक कार्यक्रम | २२३१९ | समानिकरण अनुदान | १ | पटक | ४०००० | ० |
| १६ | पशु सेवा कार्यक्रम | २२५२२ | -मानिकरण अनुदान | १ | पटक | ४०००० | ० |
| १७ | सामी वैदेशिक रोजगार कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत | १ | पटक | ५०००० | ० |
| १८ | कृषि तथा पशु कार्यक्रम | २२५२२ | समानिकरण | १ | पटक | १००००० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | अनुदान | | | | |
| १९ | नादङचोक देखी अँशुभञ्ज्याङ सम्म गोरेटोबाटो मर्मत | ३११५१ | आन्तरिक श्रोत | १ | कि.मि. | २५०००० | ० |
| २० | स्वास्थ्य खोप समन्वय समितिका पदाधिकारीहरुलाई खोप सेवा तथा स्वास्थ्य सेवा बारे अभिमुखीकरण | २२५२२ | समानिकरण अनुदान | १ | पटक | २००००० | ० |
| २१ | आकस्मिक बाली संरक्षण/उपचार शिविर संचालन | २२५२२ | समानिकरण अनुदान | १ | गोटा | २००००० | ० |
| २२ | दुग्ध उत्पादनमा प्रति लिटर रु.१ रुपैयाँ प्रोत्साहन कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत | २ | पटक | १०००००० | ० |
| २३ | महामरी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | २२५२२ | शसर्त अनुदान चालु | १० | पटक | १००००० | ० |
| २४ | पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | २२५२२ | युनियन - नगद अनुदान (बैदेशिक) | १० | पटक | ६००००० | ० |
| २५ | पोषण सुधारका लागि विपन्न समुदायका महिला समुह तथा सहकारीहरुलाई विपन्न सदस्यहरुको आय आर्जन सुधार कार्यक्रम संचालन अनुदान | २२५२२ | अनुदान (बैदेशिक) | ४ | पटक | २५००० | ० |
| २६ | इपिडेमियोलोजिकल रिपोर्टिङ्ग | २२५२२ | सर्त अनुदान चालु | १० | पटक | १२००० | ० |
| २७ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि , पशुसेवा , महिला तथा बालबालिका , शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल)- अनुदान प्राप्त समुह वा सहकारीहरुलाई आय आर्जनको लागि तालिम | २२५२२ | युनियन - नगद अनुदान (बैदेशिक) | ४ | पटक | ५०००० | ० |
| २८ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय , वैकल्पिक विद्यालय , साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २२५२९ | नेपाल सरकार - शसर्त अनुदान चालु | १० | पटक | १६८००० | ० |
| २९ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय , वैकल्पिक विद्यालय , साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २२५२९ | नेपाल सरकार - शसर्त अनुदान | १ | पटक | ३०००० | ० |
| ३० | सामी कार्यक्रमको अनुगमन तथा मुल्याकंन | २२६११ | शसर्त अनुदान चालु | १ | पटक | ४०००० | ० |
| ३१ | पाँचथर जिल्ला फालेलुङ गाँउपालिका वडा नं. १, चन्द्र ज्योति समाजसेवा बहुउद्देशीय सामुदायिक भवन निर्माण | ३१११२ | शसर्त अनुदान पुँजीगत | १ | पटक | २५००००० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२ | पोखरेल गाउँ , सिम्देल गाउँ तीनधारे सडक | ३११९२ | पुँजीगत आन्तरिक ऋण - नगद | १ | पटक | ३५०००००० | ० |
| ३३ | ढर्लासिङ्ग हुदै पिपलबोट जिङ्ने मोटेर बाटो, वडा न. ४ | ३११५१ | आन्तरिक ऋण - नगद) | १ | पटक | ३५०००००० | ० |
| ३४ | पिपल बोट बाझो गरा दहाल गाउँ सडक निर्माण | ३११५१ | शसर्त अनुदान पुँजीगत | १ | पटक | ३५०००००० | ० |
| | जम्मा | | | | | २२५७६७२६ | |

## १९ साना सिचाँई कार्यक्रम :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही नियम अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले साना सिचाँई कार्यक्रम अन्तर्गत १० वटा योजनाको लागत अनुमान तयार गरी कार्यान्वयनमा ल्याएको छ । निर्माण कार्यमा प्रयोग हुने प्रतिघनमिटर ढुङ्गाको तौल १६०० देखी १८०० के.जी राखि लागत अनुमान तयार गर्नुपर्नेमा प्राविधिक पुष्टाई (प्रयोग गरिएको ढुङ्गाको घनत्व) बिना नै २५०० के.जी राखि लागत अनुमान तयार गर्दा भरियाद्वारा हुने ढुवानी बढ्न गई समग्र दर नै बृद्धी हुन पुगेको देखिन्छ । देहायका योजनामा प्रयोग भएको ढुङ्गाको घनत्व खुल्ने प्राविधिक परिक्षण प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा बढी दरमा भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १९.१ | Baldhengre Kharibote Simalbote Irrigtion project | २०,५९७.३४ |
| १९.२ | Chuklawa Bagale Namfong Irrigation Project | ४३,३८९.८५ |
| १९.३ | Panawa Okharbote Jhagade Irrigation Project | ४६,५१२.०१ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **७९,९१५.०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **३६,२३४.५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **५५,७०८.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **६०,०३७.९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **६९,७५९.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **२८,४२९.१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **२३,३०१.३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१०,४९९.२ |

२० **स्थानीय तथ्याङ्क :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२१ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १४ करोडभन्दा बढीको पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• गाउँपालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गरेको पाईयो ।

• वडा कार्यालय तथा विषयगत शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• वडा कार्यालयमा वडा बजेटबाट खरिद गरेका जिन्सी सामानहरुको छुटै जिन्सी खाता राख्ने गरेकोमा जिन्सी दाखिला प्रतिवेदनमा कतिपय वडाहरुले जिन्सी खाता पाना नम्बर उल्लेख गर्ने गरेको देखिएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको पाईयो ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

• गाउँपालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन।

• गाउँपालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारिण गर्ने नगरेको ।

• गाउँपालिका अध्यक्षले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश नगर कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन नगराई आफैले स्वीकृत गर्ने गरेको।

• भ्रमण खर्चको विलसाथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको ।

• भ्रमण आदेशमा स्पष्ट काम नखुलाई कार्यालय सम्बन्धी काम मात्र उल्लेख गर्ने गरेको ।

• इन्धन खरिद खर्चको भौचर साथ इन्धन खर्चको लगबुक संलग्न गर्ने नगरेको ।

• खर्चको रिभर्स, कट्टी कर दाखिला एवं आम्दानी सम्बन्धि कतिपय गोश्वार भौचरहरु श्रेस्तासाथ संलग्न गरि राख्ने नगरेको ।

• गोश्वारा भौचरसाथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने नगरेको ।

• वडा अध्यक्षहरुले आफ्नो भ्रमण आदेश नगर प्रमुखबाट स्वीकृत नगराई आफैले स्वीकृत गर्ने गरेको ।

• वडा सचिवको भ्रमण आदेश प्रमुख प्रसाशकिय अधिकृतबाट स्वीकृत नगराई वडा अध्यक्षले स्वीकृत गर्ने गरेको ।

• वडा कार्यालय सञ्चालन खर्च अन्तर्गत मोवाइल रिचार्ज खर्चमा नियन्त्रण गर्ने नगरेको ।

• कट्टी गरेको कतिपय कर रकमको दाखिला भौचर खर्चको गोश्वारा भौचर साथ संलग्न गर्ने नगरेको ।

• कतिपय योजनाहरुको अनुगमण प्रतिवेदनमा अनुगमन समितिका सबै सदस्यहरुको दस्तखत नभै केही सदस्यहरुको मात्र हुने गरेको ।

• स्वास्थ्य शाखामा कार्यरत कर्मचारीले पशु शाखाको बाख्रा पालन सम्बन्धी तालिम संचालन गर्ने गरेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२३ **आन्तरिक लेखापरीक्षण :**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको स्वीकृत दरबन्दी संरचनाअनुसार आन्तरिक लेखापरीक्षक पाँचौ तहको पद संख्या एक रहेकोमा हाल उक्त पद रिक्त रहेको छ । पालिकाको आर्थिक वर्ष २०८०।८१ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण याङवरक गाउँपालिकाको आन्तरिक लेखापरीक्षक श्री चन्द्र कुमार थापाबाट गराएको छ । तसर्थ आगामी दिनमा पालिकाले आफ्नो दरबन्दीमा भएको आन्तरिक लेखापरीक्षक पदमा कानुनअनुसार पदपूर्ति गरी सम्पूर्ण आर्थिक कारोबारको तोकिएको समयमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

२४ **सफ्टवेयर खरिद :**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी

कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.७०००००। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| **सफ्टवेयरको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|
| डिजिटल प्रोफायल | गाउँपालिका को तथ्याङ्क अभिलेखिकरण | ६०००००।- |
| न्यायिक समिति व्यवस्थापन प्रणाली | न्यायिक समितिमा आएका मुद्दाहरु को दर्ता र अभिलेखिकरण तथा सुचना प्रणालीमा व्यवस्थापन गर्न | १०००००।- |
| | **जम्मा** | ७०००००।- |

२५ **सेवा प्रवाह :**

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकाले आम नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्रभित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, सम्बन्ध विच्छेद) लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी सो को अभिलेख राख्नुपर्दछ । पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र.स. | विवरण | सेवा प्राप्तिका लागि निवेदन | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ७८१ | ७८१ |
| २ | घरबाटो सिफारिस | ५४३ | ५४३ |
| ३ | नाता प्रमाणित | ६४० | ६४० |
| ४ | जन्म, मृत्यु दर्ता | १२७२ | १२६४ |
| ५ | अन्य | ३०७९ | ३०७९ |

२६ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यस बर्ष विभिन्न विषयका ४ वटा विवाद दर्ता भएकोमा १ वटा फछ्र्यौट भईसकेको र ३ वटा फर्स्यौट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२७ **कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ४ वटा नियमावली, २२ कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

२८ **सहकारीलाई अनुदान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्थाअनुसार नाफा कमाउने उद्देश्यले स्थापित सहकारी संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले यो वर्ष कार्यक्रम संचालन बापत रु ७३४८५५।००

पाथिभरा महिला कृषि सहकारी संस्था लि. वडा नं. ३, पाँचथरलाई अनुदान दिएको छ । सहकारी संस्थागत क्षमता सुदृढीकरणका लागि अनुदान दिएको पालिकाले प्रतिक्रिया दिएको छ । पालिकाले यसरी सहकारीलाई दिएको अनुदान नियमसम्मत देखिएन । साथै, पालिकाले आगामी दिनमा यस्तो अनुदान वितरणमा पूर्णरुपमा नियन्त्रण गर्नुपर्दछ ।

२९ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले सहकारी सम्बन्धी विवरण पेश गरेन । पालिकाभित्रका सबै सहकारीहरू प्रणाली आबद्ध नहुनु तथा नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिकाअनुसार सफ्टवेयर प्रणालीमा सहकारीको विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन र उजुरी फछ्र्यौट गर्नुपर्दछ ।

३० **खर्च बिश्लेषण :**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ९८७१४५५.८१ राजस्व बाँडफाँड र अनुदानबाट रु ४८,८७,१९,३०६.७१ समेत रु ४९८५९०७६२.५२ आम्दानी भएकोमा चालु तर्फ रु३३,३६,५३,६७६.७९ र पूँजिगत तर्फ रु १४,५२,६६,२४२.०० र वित्तीय ब्यबस्था तर्फ रु ०।- समेत रु ४७,८९,१९,९१८.७९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ७७,१९,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ७८.१९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.६६ प्रतिशत चालु र ३०.३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३१ **आय अनुमान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५४,४०,९९,१०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.४८,०६,४५,८७७.०४ अर्थात अनुमान भन्दा ११.६६ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३२ **आन्तरिक आय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४६,४१,४९,५८६.६६ | १,४७,७०,३३२.१३ | ३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.१८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३ **राजश्व अभिलेख :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रसम्बन्धी व्यवस्था छ । कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले नगदी रसिदको प्रयोग नगरी अनलाइन राजश्व सफ्टवेयर प्रणालीमार्फत् पालिका र वडाहरुबाट मालपोतलगायतका कर राजश्व संकलन गरेको देखिन्छ । पालिकाको आन्तरिक राजश्व खातामा सोझै सेवाग्राहीबाट जम्मा हुने गरेको राजश्व रकमलाई अनलाइन प्रणालीमा अभिलेख गरी अद्यावधिक गरेको पाइएन । पालिकाको वडाअनुसार अनलाइन राजश्व सफ्टवेयर प्रणालीमा प्राप्त रकम र सुत्रमा आम्दानी बाँधिएको आम्दानी रकममा फरक देखिएको हुँदा वडाबाट संकलन भएको सम्पूर्ण राजश्व रकम आन्तरिक राजश्व खातामा जम्मा भएको हो वा होइन भनी यकिन गर्न सकिएन । पालिकाले राजश्व सफ्टवेयरमा सबै राजश्व रकम अभिलेख नहुनुमा बेरूजु, घर बहाल कर, सिफारिस दस्तुरलगायतका करहरू सफ्टवेयरमा दाखिला नगरी बैंकमा जम्मा गरेको र सोही आधारमा सुत्रमा मात्र आम्दानी बाँधेको प्रतिक्रिया दिएको छ । अतः यस सम्बन्धमा तहाँ पालिकाबाटै यकिन गरी यथार्थ विवरण तयार गर्नुपर्दछ । आगामी दिनमा पालिकाले राजश्व असूलीलाई पूर्णरुपमा स्वचालित प्रणालीमार्फत् व्यवस्थापन गर्नेसम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजिम रहेका छन्-

• पालिकाले नगदी र मालपोत रसिदको प्रयोग नगरी अनलाइन राजश्व प्रणालीको प्रयोग गरिएको पाइयो ।

• पालिका र वडाबाट प्रदान गरिने सेवा प्रवाहलगायतका सिफारिसहरूलाई राजश्वको भौचरसँग अन्तरआबद्धता हुने गरी सफ्टवेयर प्रणालीको विकास गरिएको छैन ।

• पालिका र अन्तर्गतका वडाहरूबाट सफ्टवेयर प्रणालीबाट संकलन गरिएको राजश्व रकम ढिला गरी बैंक जम्मा गर्ने गरेको पाइयो ।

• पालिका र वडाबाट संकलन सफ्टवेयरबाट राजस्व संकलन गर्दा प्रतिवेदनमा उल्लेख भएको रकमभन्दा कमी राजस्व जम्मा भएको छ । जसमा पालिकाले एउटै राजस्व रकम धेरै पटक सफ्टवेयरमा अभिलेख भएकोले रद्द गरिएको प्रतिक्रिया दिएको छ ।

• वडाबाट प्राप्त भएको नगदी र मालपोत रसिदबाट के कति रकम संकलन भएको हो यथार्थ विवरण तयार नगरेको हुँदा उक्त रकम बैंक दाखिला भएको यकिन गर्न सकिएन ।

• ऐनको दफा ५५ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था भएकोमा हालसम्म पालिकामा सम्पत्ति कर कार्यान्वयन भएको देखिएन ।

• ऐनको दफा ५८ बमोजिम पालिकाभित्र सञ्चालिन सबै व्यवसाय दर्ता नभएको, दर्ता भएका व्यवसायहरूको अभिलेख अद्यावधिक नभएको र सबै व्यवसायीबाट व्यवसाय करसमेत संकलन भएको देखिएन ।

तसर्थ, पालिकाले आगामी दिनमा एकद्वार प्रणालीबाट राजश्व संकलन गर्ने, रसिद नियन्त्रण खाताको पारदर्शी र प्रभावकारी व्यवस्थापन गर्ने, सम्पत्ति कर तथा व्यवसाय करको पूर्ण कार्यान्वियन गर्नेलगायतका क्षेत्रमा सुधार गर्नुपर्दछ ।

### ३४ **कर तथा शुल्क असुली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजश्व संकेत नं | आम्दानी शिर्षक | लक्ष्य | असुली रकम | असुली (%) |
|---|---|---|---|---|
| ११११३१ | सम्पत्ती बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १०००००० | ० | ० |
| ११३१३ | सम्पती कर | १००००० | १४४४७५ | १४४ |
| ११३१४ | भुमिकर/मालपोत | १५००००० | १४४१८६२ | ९६ |
| ११३१७ | वहाल कर | १००००० | ४४०३११ | ४४० |
| ११४७९ | अन्य मनोरञ्जन कर | २०००० | ९००० | ४५ |
| १४१९१ | पर्यटन शुल्क | १००००० | २००० | २ |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५००००० | ४२०० | १ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ५०००० | १३७००० | २७४ |
| १४२२४ | परीक्षा शुल्क | २५००० | ६००० | २४ |
| १४२४३ | सिफारिश दस्तुर | २३००००० | २७९३६५२ | १२१ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २०००० | २०९६६०० | १०४८३ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १०००० | ७१५५० | ७१६ |
| १४२४९ | अन्य दस्तुर | २०००० | ६४३७१५ | ३२१९ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३००००० | ३०९७५ | १० |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०००० | ० | ० |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ५००० | ३५०० | ७० |
| १४५२९ | अन्य राजस्व | २०२०५०० | ४७०० | ० |
| १५१११ | बेरूजू | ५००००० | ३३७९९२ | ६८ |
| | जम्मा | ८६२०५०० | ८१६७५३२ | ९५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३५ **व्यवसाय कर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ३०९७५.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३६ **राजस्व असुली :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा

राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ८ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु ९८,७१,४५५.८१ असुली दाखिला रहेको छ ।

३७ **ब्याक लोडरको राजश्व :**

पालिकाले आर्थिक वर्ष २०८०।८१ का लागी राजश्वको दर निर्धारण गरेको छ । सो अनुसार ब्याक हो लोडर भाडामा समेत लगाई आन्तरिक आय प्राप्त गरिरहेको छ । पालिकाले तय गरेको राजश्वको दर अनुसार ब्याक हो लोडर बहाल कर इन्धन सहित रु. ३५०० प्रतिघण्टा र इन्धन बाहेक रु. १९०० प्रतिघण्टा रहेको छ । मेशिन संचालनको लगबुक अनुसार आर्थिक वर्ष २०८०।८१ मा पालिकाको प्रयोजन बाहेक भाडामा लगाएको अवधि मध्ये ४५ घण्टाको रु १९०० का दरले र ६८.१३ घण्टाको रु ३५०० का दरले जम्मा ११३.१३ घण्टाको रु. ३२३९५५ राजश्व संकलन हुन बाँकी रहेको देखिन्छ । उक्त राजश्व यथाशिघ्र संकलन गरी दाखिला गर्नुपर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३७.१ | कार्यालय | ३२३,९५५ |

| असुल गर्नुपर्ने | ३,२३,९५५ |
|---|---|

३८ **फोहोरमैला व्यवस्थापन :**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र दैनिक ३ मेट्रिक टन फोहोरमैला उत्पादन हुने गरेको र उक्त फोहोरमैला व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रुपमा व्यवस्थापन हुन सकेको छैन । पालिकाले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले फोहोरमैला व्यवस्थापन नीतिको तर्जुमा गरेकोमा सो को कार्यान्वियन गरेको देखिएन । पालिकामा दिनानुदिन बढ्दो रुपमा फोहोरमैला उत्पादन हुने र यसको दर अझ बढ्न जाने अवस्था रहेकोले पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरुपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

३९ **सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ग्लोबल कम्युनिकेसन एण्ड मिडिया कर्नर प्रा.लि. मार्फत् रु. ५,००,०००.०० खर्च गरी सार्वजनिक सुनुवाई बापतको कार्य गरेको छ । पालिकाबाट सम्पादित हुने कामको सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गरी सम्बन्धितलाई जवाफदेही र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

४० **करार कर्मचारीको अन्य सुविधा :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **१६,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४१ **हेभी इक्विपमेण्टको प्रयोग :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ ।

सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| क्र.सं. | गोभौनं./मिति | उपभोक्तासमितिकोनाम | निर्माणव्यवसायीकोनाम | कामकोविवरण |
|---|---|---|---|---|
| १ | १२१-२०८०।१२।२३ | खुंगा टो.वि.सं. | मन्दिशाएण्डएम.एस.डी. सप्लायर्स | साल्बोटेमोटरबाटोनिर्माण |
| २ | १२४-२०८०।१२।२९<br>१४९-२०८१।०१।२१ | खुंगा टो.वि.सं. | मन्दिशाएण्डएम.एस.डी. सप्लायर्स | तिम्बुखोलाजौवारीमोटरबाटोनिर्माण |
| ३ | २१-२०८०।०६।२४ | खुंगा टो.वि.सं. | शिवगंगाकन्ष्ट्रक्सनएण्डसप्लायर्स | कुटीडाँडाखोक्चेचुप्पादिनखाल्डेआगेजुडगुम्ब |
| ४ | ८५-२०८०।११।१५ | | मन्दिशाएण्डएम.एस.डी. सप्लायर्स | वरडाँडादेखिगौलीडाँडामोटरबाटोनिर्माण/मर्मत |
| ५ | १६५-२०८१।०२।०१ | जरिङ्गे टो.वि.स. | मन्दिशाएण्डएम.एस.डी. सप्लायर्स | हेभेन्लिपाथकवभवननिर्माणगर्नकालागिघडेरी |
| ६ | ६९-२०८०।११।१० | ताङलेपा टोलविकाससंस्था | डि.एम. निर्माणसेवा | सिस्नेगैरीमंगरेडाँडाठुलोढुंगाताङलेपामोटरबा |
| ७ | ६६-२०८०।११।१० | खोलाघारी टो.वि.स | डि.एम. निर्माणसेवा | खोलाघारीढकालटारसिस्नेमोटरबाटोनिर्माण |
| ८ | १२६-२०८०।१२।२९<br>१४४-२०८१।०१।२१ | नाम्लुवाटोलविकाससंस्था | मन्दिशाएण्डएम.एस.डी. सप्लायर्स | नाम्लुवाखेलमैदाननिर्माण |
| ९ | ६१-२०८०।०९।२० | थकेपुङटो.वि.स. | डि.एम. निर्माणसेवा | ३नं. सडकमर्मत |
| १० | २१५-२०८१।०२।२३ | मेमेङटो.वि.सं. | शिवगंगाकन्ष्ट्रक्सनएण्डसप्लायर्स | भैँसेनरेलुङमोटरबाटोनिर्माण |
| ११ | ११८-२०८०।१२।२९ | मेमेङटो.वि.सं. | शिवगंगाकन्ष्ट्रक्सनएण्डसप्लायर्स | मेमेङमहभिरभैसेगुप्तीमोटरबाटोमर्मत |
| १२ | १८४-२०८१।०२।०२ | मेमेङटो.वि.सं. | शिवगंगाकन्ष्ट्रक्सनएण्डसप्लायर्स | चम्फुवासेमेन्चोङभवनजानेबाटोनिर्माण |
| १३ | २०८-२०८१।०२।२१ | मेमेङटो.वि.सं. | हेवाभगवतीकन्ष्ट्रक्सनएण्डसप्लायर्स | तालखर्कचित्रेमो.बा. मर्मत |
| १४ | ४०४-२०८१।०३।२४ | मेमेङटो.वि.सं. | हेवाभगवतीकन्ष्ट्रक्सनएण्डसप्लायर्स | फोक्टेपिनासीखोलाचित्रेसडकमर्मत |
| १५ | १५३-२०८१।०१।२१<br>९६-२०८०।११।२९ | लुङ्याकटो.वि.सं. | हेवाभगवतीकन्ष्ट्रक्सनएण्डसप्लायर्स | डाँडागाँउ/चुच्चेढंगामोटरबाटोमर्मत |
| १६ | ५०-२०८०।०९।११ | हात्तीखेम्वाटोलविकाससंस्था | हेवाभगवतीकन्ष्ट्रक्सनएण्डसप्लायर्स | टुनिबोटेफोक्टेगाँउमोटरबाटोनिर्माण |

| | | | | |
|---|---|---|---|---|
| १७ | २०५-२०८१। ०२।२० | सिकारेटो.वि.सं. | याङमाकन्ष्ट्रक्सन | चेमचेमेलभिजमहुँदैशिकारेटोलमोटरबाटोविस् |
| १८ | २७५-२०८१। ०३।०२ | नमुनाटो.वि.सं. | हेवाभगवतीकन्ष्ट्रक्सनएण्डसप्लायर्स | वडास्तरीयमोटरबाटोसरसफाई |
| १९ | १००-२०८०। १२।०२ | लुवाफुलिगिम्बाटो.वि.सं. | हेवाभगवतीकन्ष्ट्रक्सनएण्डसप्लायर्स | वडाभित्रकाविपदपुनःनिर्माणतथासडकमर्मतस |
| २० | १९८-२०८१। ०२।१४ | अरुमफुङटोलविकाससंस्था | हेवाभगवतीकन्ष्ट्रक्सनएण्डसप्लायर्स | लेओधापपिप्लीबोटेसडकनिर्माण |
| २१ | ३२१-२०८१। ०३।१९ | चोगुमटोलविकाससंस्था | हेवाभगवतीकन्ष्ट्रक्सनएण्डसप्लायर्स | सफाबुङचाँपबोटेसडकमर्मततथानिर्माण |
| २२ | ४००-२०८१। ०३।२४ | श्रीफाल्गुनन्दमाङहिमटोलविकाससमितिखाल्डे | शिवगंगाकन्ष्ट्रक्सनएण्डसप्लायर्स | आरुबोटे, कार्तिकेसापकोटाडाँडापाखेमोटरबा |
| २३ | ६९-२०८०। ११।१० | ताङलेपाटोलविकाससंस्था | डि.एम. निर्माणसेवा | तिनघरेमोटरबाटो |
| २४ | २९-२०८१। ०३।२२ | श्रीकालिकायुवाक्लब | डि.एम. निर्माणसेवा | काउलेकालिकाखेलमैदान, फालेलुङगा.पा. ' |
| | **जम्मा** | | | |

४२ **स्वामित्व हस्तान्तरण :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्षवस्था रहेको छ । गाँउपालिकातर्फ यस वर्ष १४४ वटा योजना उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्यान्वियन भएको छन् । पालिकाले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सम्पन्न गरेका कुनै पनि योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गरेको पाइएन । नियमावलीमा व्यवस्था गरेबमोजिम सम्पन्न योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गरी त्यसको स्वामित्व अभिवृद्धी गर्नुतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४३ **योजना प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु. २० लाख माथिका योजना** | **रु. ५ लाख देखि २० लाख सम्मका योजना** | **रु. ५ लाख भन्दा कमका योजना** |
|---|---|---|---|---|---|
| १. | पालिका स्तरीय | १४ | १ | १३ | ० |
| २. | वडास्तरीय | ११४ | ० | ० | ११४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४४ **कार्यक्रमगत लक्ष्य प्रगति :**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्दा तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५% सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** | **सम्पन्न** |
| कार्यक्रम संख्या | १३२ | ४ | ० | ० | ० | १२८ |

४५ **सूचना प्रकाशनमा छुट :**

४५.१ गोरखापत्र संस्थान विज्ञापन संकलन, प्रकाशन, प्रसारण एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका, २०७८ को दफा १० को उपदफा २क मा संस्थानका प्रकाशनहरूमा विज्ञापन प्रकाशन गरे बापत २५ प्रतिशत संस्थागत छुट सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण कार्यालयलाई उपलब्ध हुने व्यवस्था छ । त्यसैगरी, पालिकाले वर्षभरी प्रकाशन गर्ने विज्ञापनमा बढीभन्दा बढी छुट प्राप्त गर्न सिलबन्दी दरभाउपत्रमार्फत मिडिया एजेन्सीको सूची दर्ता गराई खर्चमा मितव्ययीता कायम गर्न सकिन्छ । तर, पालिकाले सोझै मिडिया एजेन्सीमार्फत् विभिन्न सूचना प्रकाशन गरी १५ प्रतिशतसम्म छुट लिएको देखिन्छ । आगामी दिनमा पालिकाले विज्ञापन तथा सूचना प्रकाशन गर्दा सरकारी कार्यालयले प्राप्त गर्ने कम्तीमा २५ प्रतिशतसम्म वा सिलबन्दी दरभाउपत्रमार्फत् प्रतिस्पर्धात्मक रुपमा छुट रकम लिने गरी खर्च गर्नुपर्दछ ।

४५.२ विज्ञापन बोर्डलाई भुक्तानी : बिज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ (ख) मा भएको व्यवस्था बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.स ०७९/८० च.नं ३८२ मिति २०७९/०५/०७ को पत्र बमोजिम बिज्ञापन वापतको रकम भुक्तानी गर्दा मू.अ.कर बाहेकको रकममा ३% को दरले रकम कट्टा गरि बिज्ञापन बोर्डको नाममा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले विभिन्न बिज्ञापन ऐजेन्सिहरुलाई बिज्ञापन वापत रु. ३८९२३३ (मु.अ.कर बाहेक) भुक्तानी गरेकोले ३ % ले हुने रकम असुल गरी बिज्ञापन बोर्डको खातामा जम्मा गर्नुपर्ने रु

| **सि.नं.** | **एजेन्सीको नाम** | **मु.अ.करबाहेकको भुक्तानी** | **३% ले कट्टा गर्नुपर्ने रकम** |
|---|---|---|---|
| १ | बन्धन एडभरटाइजिङ प्रा.लि | ३९३३२ | ११८० |
| २ | बन्धन एडभरटाइजि ङप्रा.लि | ७२०३८ | २१६१ |
| ३ | दिब्याबानी मिडिया हाउ सप्रा.लि. | १३३७०१ | ४०११ |
| ४ | सहारा एड्भरटाइजिङ्ग प्रा. लि. | १४४१६३ | ४३२५ |
| | **जम्मा** | **३८९२३३** | **११६७७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६७७ |

४६ **परामर्स तथा डीपीआर खर्च :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा र नियम १२(२) अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने र साथै प्याकेजिङ्ग गरी बोलपत्रको माध्यमबाट समेत खरिद गर्न सकिनेमा नियम ७२ बमोजिम मौजुदा सूचीमा रहेका परामर्शदाताबाट प्रस्ताव माग गरी २० लाख रुपैया भन्दा घटिको लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गरेको एवं स्वीकृत बजेटको हाराहारीमा खर्च भएकोले खरिद मितव्यायी र पारदर्शी देखिदैन।

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआरलगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस पालिकाले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रमअनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | परामर्शदाता | योजनाको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | सिद्धि विनायक इन्जिनियरिङ्ग प्रा.लि. | | ८०१०५७ | ८०१०५७ |
| २ | न्यू प्लानेट इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | गाउँपालिका भवनको विस्तृत परियोजना | ११९६६७० | ११९६६७० |
| ३ | खैरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि. | | ८७०२१४ | ८७०२१४ |
| ४ | प्रयास इन्जीनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | | ७६७७२२ | ७६७७२२ |
| ५ | डिप्लोमा इन्जिनियरीङ्ग एण्ड डिजाईन कन्सल्टेन्सी प्रा.लि. | | २५८७८५ | २५८७८५ |
| ६ | मार्गदर्शन डिजाईन एण्ड कन्सल्ट प्रा.लि. | | ८७१५६० | ८७१५६० |
| ७ | | लिगिम्बा सेवा समाज भवन | ४४१४६१ | |
| ८ | | नोर्देन छोलिङ गुम्बा | ४४१४६१ | |
| कुल जम्मा | | | ५६४८९३१ | ४७६६००८ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै, यसरी तयार भएका अध्ययन प्रतिवेदनमध्ये केही आयोजनाहरुको कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था हुन नसकेको देखिदाँ आगामी दिनमा उक्त आयोजनाहरूमा आवश्यक बजेटको व्यवस्था गरी आयोजना कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४७ **फोटोकपी बिल :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **२२२,५६४.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४८ **भरपाई पेश गर्नुपर्ने :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालये गो.भौ.नं. ३७१-२०८१।०३।२२ बाट १२० थान रेनकोट प्रति इकाई रु ४८५० मा खरिद गरि कृष्चल डाँगी स्टोर्स एण्ड सप्लायर्सलाई रु. ५६८३३८ भुक्तानी गरेको छ । जसमध्ये ४१ थान रेनकोटको भरपाई पेश भयो भने बाँकी ७९ थान रेनकोटको भरपाई पेश हुन आएन । प्रतिइकाई ४८५० का दरले ७९ थान रेनकोटको मौज्दात भए सोको प्रमाण वा वितरण भएकोमा वितरणको भरपाई पेश हुन पर्ने रु.

| प्रमाण पेश नगरेको | ३,८३,१५० |
|---|---|

४९ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु १० लाख भन्दा माथि रु २० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा बढीको खरिद बोलपत्रको माध्यमबाट गर्न सकिने व्यवस्था रहेको छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तीकर्तासँग एकपटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत र चालु किसिमका वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद गरेको नियमसंवत नदेखिएको रु

| सि. नं . | गो. भौ . नं . र मिति | भुक्तानी पाउने | खरिद/ कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २२- २०८०।०६।२४ | नेशनल ट्रेड | डेक्सटप कम्प्यूटर- ७ थान , प्रिन्टर-६ थान | ८९५००० |
| २ | ३०- २०८०।०७।२० | भैरव इन्टरनेशनल | ल्यापटप- ५ थान खरिद | ७०३५०० |
| ३ | १६१- २०८१।०१।२५ | पाँचथर आईटी सोलुसन | प्रिन्टर खरिद | १६२१२६ |
| ४ | | सेवारो ट्रेड एण्ड सप्लायर्स | फर्निचर खरिद | ११३५५९ |
| ५ | ३१- २०८०।०७।२० | मारुती ट्रेड एण्ड सप्लायर्स | फर्निचर खरिद | ४८१९४५ |
| ६ | | सेवारो ट्रेड एण्ड सप्लायर्स | फर्निचर खरिद | ३२८४०६ |
| ७ | १५५- २०८१।०१।२१ | मारुती स्टोर्स | फर्निचर खरिद | ४०८४४९ |
| ८ | १६३- २०८१।०१।२५ | स्याङ्बो कम्प्युटर सप्लायर्स एण्ड मेन्टेनेन्स सेन्टर | मेशिनरी औजार | १३३००१ |
| ९ | २३४- २०८१।०२।२४ | गोल्डेन ट्रेड एण्ड सप्लायर्स | ब्याट्री इन्भटर खरिद | ९७४७९ |
| १० | ३८१- २०८१।०३।२४ | मारुती स्टोर्स | फर्निचरजन्य सामाग्री खरिद | ३४३२९४ |
| ११ | ४१२- २०८१।०३।२४ | पाँचथर आईटी सोलुसन | मेशिनरी तथा औजार मर्मत | ५१८९५२ |
| जम्मा | | | | ४१८५७११ |

| अनियमित भएको | ४१,८५,७११ |
|---|---|

५० **बढी भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **१०,५९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५१ **विल भरपाई :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **१९१,१५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५२ **पूँजीगत शिर्षकबाट चालु प्रकृतिको खर्च :**

पूँजी सिर्जना नहुनेखालका वितरणमुखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानिय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । पालिकाले देहायअनुसार पूँजी निर्माणमा सहयोग नगर्ने, उत्पादन वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शिर्षकबाट खर्च लेखेको पाइयो ।

| सि.नं. | गो.भौ.नं.र मिति | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | ५४-२०८०।०९।१३ | छिरिङ शेर्पा | कृतिम गर्भाधान कार्यक्रम | ६८२०० |
| | | बुद्ध भेटेरीनरी सेन्टर | रेविज खोप तथा बन्ध्याकरण | ९९८०० |
| २ | १७०-२०८१।०२।०२ | बुद्ध भेटेरीनरी सेन्टर | OVOT सँग आवश्यक औषधी खरिद | २९९७८० |
| ३ | २५५-२०८१।०२।२० | बुद्ध एग्रोभेट | पशु औषधी खरिद | १४९९४० |
| ४ | २६७-२०८१।०३।०२ | गड्सन भेट्स फर्मा | पशु औषधी खरिद | ६९३७१९ |
| ५ | ३७१-२०८१।०३।२२ | कृष्चल डाँगी स्टोर्स एण्ड सप्लायर्स | रेनकोट खरिद | ५५९६०८ |
| ६ | ४१७-२०८१।०३।२४ | किरात याक्थुङ चुम्लुङ | संस्थागत सहयोग | ५०००० |

५३ **५ शैयाको अस्पताल भवन स्थलगत अवलोकन :**

५ शैयाको अस्पताल भवनको स्थलगत अवलोकन गर्दा दोश्रो तलाको ढोका जमिनबाट भेन्टिलेटर सम्म ७ फिटको हुनुपर्नेमा ६ फिट ९ इन्च मात्र रहेको पाइयो तथा बिमको कभर कम्तिमा ६ से.मी. हुनुपर्ने भन्ने स्वीकृत डिजाइन ड्रइङले देखाएकोमा बिममा फलामे छड बाहिर देखिरहेको अवस्थामा पाइएकोले अस्पताल जस्तो संरचना निर्माण गर्दा स्वीकृत ड्रइङ/डजाइन/नर्मस/स्पेशिफिकेशनको पालना गराई पालिकाको सुपरभीजन समेत प्रभावकारी हुनुपर्ने देखिन्छ ।

५४ **सिमेन्ट मेशिनरी वाल :**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी भुक्तानी गर्दा विल, भरपाई र अन्य प्रमाण संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले वडा नं. १ को कालिका युवा क्लवलाई सिमेन्ट मेशिनरी वाल निर्माण वापतको भौ.नं. २९-२०८१।०३।२२ मा भुक्तानी गर्दा प्रतिघन मिटर सिमन्ट मेशिनरी वालको ११७२७ हुनुपर्नेमा १५०१०।२५ का दरले ६०.८२ घनमिटर वालको प्रतिघन मिटर ३२८३।२५ बढी भुक्तानी गर्दा जम्मा रु.१९९६८७।२६ बढी भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९९,६८७.२६ |

५५ **गाँउपालिका प्रशासकिय भवन :**

गाँउपालिका प्रशासकिय भवन- खानी-एपेक्स-मिशन जे.भी. संग मु.अ.कर र पि.एस. सहित रु.५४०३८८११।९५ मा २०७८।०८।०८ मा सम्झौता भई २०८१।०८।२४ मा सम्पन्न गर्ने गरी गाँउपालिका प्रशासकिय भवनको निर्माण भएकोमा लेखापरिक्षण अवधी २०८१।०५।१० सम्ममा निर्माण सम्पन्न भए पनि पालिकालाई हस्तान्तरण भएको देखिएन । यस ठेक्कामा देखिएका अन्य व्यहोरा तपशिल बमोजिम रहेका छन् ।

५५.१ सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कुनै पनि निर्माण कार्यको त्रुटी सच्याउने अवधी ३६५ दिनमा नघट्ने गरी राख्नुपर्ने व्यवस्था छ । यस ठेक्काको जि.सि.सि. ४२.१ मा त्रुटी सच्याउने अवधि १ महिना मात्र राखेको देखिएकोले ठेक्का संशोधन गरेर नियमानुसारको अवधि बनाउनु पर्ने देखिन्छ ।

५५.२

ख. ठेक्का सम्झौताको जि.सि.सि. ५७.३ अनुसार ठेक्का सम्झौताको ८०% समय भित्र पेश्की फछ्यौट भईसक्नुपर्ने व्यवस्था गरे पनि २०८१ चैत्र अन्तिम सम्म ८०% सम्पन्न भईसकेकोले अन्तिम भुक्तानी भएको मिति २०८१ असारको २ महिना अवधीको बढि भैसकेकोले बाँकी पेश्की रु.५६३५१६६/- फछ्यौट गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

५६ **५ शैयाकोअस्पताल :**

खानी/ एपेक्स/ कुँवरजे.भी. संग लागत अनुमान रु. ९६५१३८५४/- को १% न्युन हुने गरी रु. ९४४४२९२८।६० मा २०७८।०६।०५मा सम्झौता भई २०८१।०६।०६ मा सम्पन्न गर्नेगरी ५ शैयाको अस्पताल निर्माण ठेक्का कार्यान्वयन भईरहेको मा लेखापरिक्षण अवधी २०८१।०५।१५ सम्म निर्माण सम्पन्न भएको छैन। यस ठेक्कामा देखिएका व्यहोरा तपशिलबमोजिम रहेका छन्।

५६.१ गाँउ सभावाट पारित भए बमोजिम अस्पताल निर्माण ठेक्कामा सकारात्मक ६ प्रतिशत भेरिएशन भई सम्झौता रकम रु.१०७८३७४५९।८६ बाट रु.११४३११७६१/- मा बृद्धी हुँदा भेरिएशन रु.६४७५३०२/- बृद्धी सहित रिभाइज्ड सम्झौता भएकोले यस ठेक्कामा २०७८।०७।१० देखीनै बीमा र कार्यसम्पादन जमानतको रकम समेत थप गरिनु पर्नेमा सो थप गरी त्रुटी सच्याउने अवधिसम्म थप गरेको प्रमाण पेश गर्नु पर्दछ ।

५६.२ भुक्तानी बढी- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी भुक्तानी गर्दा बिल,भरपाई र अन्य प्रमाण संलग्न गरेर मात्र सरकारी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले ५ शैयाको अस्पताल निर्माण ठेक्कामा कन्ट्राक्टर खानी-एपेक्स-कुँवर जे.भी. लाई चौथो विलमा भौ.नं. १९-२०८०।०६।१८ मा रु.१८२७२१५६।२३ भुक्तानी गर्दा विलमा भन्दा रु.७९३८५२।७७ बढी भुक्तानी भएको देखिएकोले सो रकम असुल उपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९३,८५२.७७ |

५६.३ ठेक्का सम्झौताको जि.सि.सि. ५७.१, ५७.३ अनुसार मुल्य अभिबृद्धी कर र पि.एस. बाहेकको सम्झौता रकमको २०% पेश्की भुक्तानी दिनुपर्नेमा मुल्य अभिबृद्धी कर र पि.एस. सहितको सम्झौता रकमको २०% पेश्की भुक्तानी दिएकोले रु.९४४४२९२८।६० को २०% रु.१८८८८५८५/- दिनुपर्नेमा रु.१९०८७०००/- भुक्तानी दिएकोले रु.१९८४१५/- २ बर्ष ९ महिना देखी बढी पेश्की गएको रकम पेश्की भुक्तानी जमानत मार्फत पालिकाले असुल उपर गरी प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९८,४१५ |

५७ **सार्वजनिक निर्माण व्यवस्थापन :**

सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

(क) निर्माण कार्यको लगतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेता पनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरुसमेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

(ख) कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत भएको ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर, पालिकाले सोअनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

(ग) गुणस्तर परीक्षण- सार्वजनिक खरिद तथा निर्माण सम्झौता कार्यान्वयन गर्दा सामान आपूर्ति तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरुः रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई. वायर तथा क्युब समेतको गुणस्तर परीक्षण कार्य केही ठुला ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परीक्षण गरेको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

(घ) वीमा : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले साना ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नगरेमा उक्त लगानी जोखिममा पर्नसक्ने देखिन्छ । यसरी वीमा नगराई नियमावलीले गरेको व्यवस्थाबमोजिम वीमा गरेर मात्र निर्माण कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५८ **पेश्की बाँकी :**

पेश्की बाँकी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा उपभोक्त समिति लाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.२, ५०,०००।बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.२, ५०,०००।फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु

| मिति-गो. भौ. न. | पेश्की लिने ब्यक्ती / फर्म / कम्पनीको नाम | फछ्यौंटको अन्तिम म्याद | पेश्की को अवस्था | रकम |
|---|---|---|---|---|
| ८५- २०८० / ०६ / २४ | श्री सिद्धदेवि मा.वि. (१०+२) स्थापना संचालन तथा व्यवस्थापन कार्यक्रम | ०७/२९/२०८० | नाघेको | २, ५० , ०००। |
| २०७८।०६।१७ | श्री खानी एपेक्स/ कुँवर जे . भी . - ५ सैया अस्पताल निर्माण बापत | ०६/०७/२०८१ | ननाघेको | ८३३७७३५। |
| जम्मा | | | | |
| | | | पेश्की | २,५०,००० |

५९ **अधुरा आयोजना :**

अधुरा आयोजना : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. १४ करोड ८४ लाख ८२ हजारका ४ वटा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| सि.नं. | योजनाको नाम | निर्माण व्यसायी/ उपभोक्ता समितिको नाम | सम्झौता रकम | सम्झौता मिति | म्याद थप पटक |
|---|---|---|---|---|---|
| १ | पानीपरुवा भालुखोप आहाले सिंचाई योजना | पानीपरुवा भालुखोप आहाले सिंचाई जल उपभोक्ता संस्था | ९९३९९९८.०२ | २०८०/ ०८। १९ | १ |
| २ | लुवाखोला सिंचाई योजना | लुवाखोला सिंचाई जल उपभोक्ता संस्था | ९४३१०१५.४ | २०८०/ ०८। २१ | १ |
| ३ | ५ शैयाको अस्पताल- | खानी/एपेक्स/कुँवर जे.भी. | ९४४४२९२८.६ | २०७८।०६। ०५ | नभएको |
| ४ | गाँउपालिका प्रशासकिय भवन | खानी-एपेक्स-मिशन जे.भी | ५४०३८८११.९५ | २०७८।०८। ०८ | नभएको |
| | जम्मा | | १४८४८१७४०.६ | | |

६० **भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था :**

भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्ने लगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्त बमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । अतः पालिकाले उक्त मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६१ **शिक्षक दरवन्दी र पदपुर्तिः**

गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विद्यालयकोनाम | शिक्षकदरवन्दी | विद्यार्थीसंख्या(कक्षा१-१२) |
|---|---|---|---|
| १ | सरस्वतीमाध्यमिकविद्यालयमच्छेवुङ | १६ | २६१ |
| २ | सिद्धदेवीमाध्यमिकविद्यालय | ११ | १६८ |
| ३ | सिद्धकालीमाध्यमिकविद्यालय | १४ | १८५ |
| ४ | सिंहसिद्धमाध्यमिकविद्यालय | १२ | २५२ |
| ५ | कालिकामाध्यमिकविद्यालय | १३ | ३५२ |
| ६ | सरस्वतीमाध्यमिकविद्यालय खुँगा | १३ | २०२ |
| ७ | सिंहवाहिनीमाध्यमिकविद्यालय | ७ | २०१ |
| ८ | मेमेङमाध्यमिकविद्यालय | ९ | १८८ |
| ९ | सिद्धेश्वरीमाध्यमिकविद्यालय | ९ | ११५ |
| १० | खुँगामाध्यमिकविद्यालय | १० | १०२ |
| ११ | विद्याप्रचारमाध्यमिकविद्यालय | ८ | १५७ |
| १२ | पापुन्देनआधारभूतविद्यालय | ६ | ८५ |
| १३ | मोतिरामामाध्यमिकविद्यालय | ७ | १८२ |
| १४ | सरस्वतीमाध्यमिकविद्यालय | ८ | १२८ |
| १५ | पञ्चमुखीमाध्यमिकविद्यालय | ६ | २१४ |
| १६ | विहिदिनआधारभूतविद्यालय | ६ | ८५ |
| १७ | ज्ञानव्योतिआधारभूतविद्यालय | ६ | १०४ |
| १८ | पञ्चकन्या आधारभूतविद्यालय | ६ | ८२ |
| १९ | सिंहदेवीआधारभूतविद्यालय | ३ | ६३ |
| २० | भृकुटीआधारभूतविद्यालय | ६ | १०० |
| २१ | थोक्पनआधारभूत विद्यालय | ६ | १३८ |
| २२ | छिरुवाआधारभूतविद्यालय | ५ | ६८ |
| २३ | सिद्धेश्वरआधारभूतविद्यालय | २ | ४७ |
| २४ | बालशिक्षाआधारभूतविद्यालय | ३ | ३५ |
| २५ | शिवगंगाआधारभूतविद्यालय | २ | ३७ |
| २६ | छिन्तापूआधारभूतविद्यालय | २ | २८ |
| २७ | नुवादिनआधारभूतविद्यालय | ३ | ६९ |
| २८ | कालिकाआधारभूतविद्यालय | ४ | ६४ |
| २९ | वाह्रविसेआधारभूतविद्यालय | ४ | ११३ |
| ३० | जरिङ्गे आधारभूतविद्यालय | २ | १६ |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | सिंहकालिकाआधारभूतविद्यालय | ५ | ९९ |
| ३२ | वुढीथामआधारभूतविद्यालय | २ | २५ |
| ३३ | सिद्धआधारभूतविद्यालय | ३ | ६६ |
| ३४ | सेसेलुङआधारभूतविद्यालय | २ | २८ |
| ३५ | नरेलुङआधारभुतविद्यालय | २ | ४२ |
| ३६ | सिंहकन्याआधारभूतविद्यालय | २ | २१ |
| ३७ | फूलवारीआधारभूतविद्यालय | २ | ५२ |
| ३८ | फालेलुङआधारभूतविद्यालय | २ | २४ |
| ३९ | दिपज्योतिआधारभूतविद्यालय | २ | ४० |
| ४० | जनकआधारभूतविद्यालय | २ | २७ |
| ४१ | लिगिम्वाआधारभूतविद्यालय | १ | १९ |
| ४२ | सिद्धकालीआ.वि. खोलाघारी | २ | ३१ |
| ४३ | थोक्लिम्वाआधारभूतविद्यालय | २ | ५४ |
| ४४ | भवानीआधारभूतविद्यालय | २ | ४० |
| ४५ | जलकन्या आधारभूतविद्यालय | १ | १५ |
| | जम्मा | २४१ | ४४८८ |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १९ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

६२ **शिक्षक तलब भत्ता :**

स्थानीय तह अन्तर्गत कार्यरत आधारभूत तथा माध्यामिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको पारित तलबी प्रतिवेदन, स्वीकृत राहत अनुदान कोटाका शिक्षक, स्थानीय तहका लागी स्वीकृत कोटाका आधारमा बालबिकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीको तलब भत्ता निकासा गर्दा शिक्षकले विद्यालयमा उपस्थित भई अध्यापन गराएको प्रमाणित हाजिरीका आधारमा माग फारम भरि विद्यालयले स्थानीय तहसमक्ष तलब भत्ता निकासा माग गर्नुपर्दछ र सोही माग निकासालाई रुजू गरी शिक्षा अधिकृतबाट प्रमाणित गराई तलब भत्ता निकासा गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ४५ वटा विद्यालयलाई रु १५,६२,९२,१५८।- निकासा गर्दा प्रमाणित हाजिर बेगर नै निकासा गरेको पाइयो।प्रमाणित हाजिर बेगर माग फारमका आधारमा मात्र तलब भत्ता निकासा गर्दा विद्यालयमा अनुपस्थित हुने, अवकाश भएका, रमाना हुने र नँया नियुक्ति लिइ अध्यापन गराएका शिक्षकहरुको तलब अध्यापन गराएको मितिसम्म मात्र भएको हो भनि यकिन हुन सकिएन । विद्यालयमा कार्यरत अवधि भन्दा धेरै समयको तलब भत्ता भुक्तानी भए नभएको सम्बन्धमा स्थानीय तहले यकिन गरि बढी निकासा भएको पाइएमा असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्दछ ।

६३ **निशुल्क पाठ्यपुस्तक अनुदान :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका

विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु २४,९५,९५८।- विभिन्न विद्यालयहरुलाई निकासा दिएको छ।उक्त निकासाबाट विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई वितरण गरेको/ नगरेको तथा पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार गरेको पाइएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाले ब्यवस्था गरेबमोजिम अनुगमन तथा प्रतिवेदन तयार गर्नुपर्दछ ।

६४ **बुक कर्नर :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० अनुसार शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागी प्रति विद्यार्थि लागतका आधारमा प्रारम्भिक बाल विकासका विद्यार्थीका लागी प्रतिविद्यार्थी वार्षिक रु ५००, १-५ का विद्यार्थीका लागी प्रति विद्यार्थी वार्षिक रु १५०, ६-१० का विद्यार्थीका लागी वार्षिक रु २०० र ११-१२ का विद्यार्थीका लागी वार्षिक रु २५० का दरले अनुदान दिने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न, विद्यालयको सामान्य मर्तत सम्भार गर्न, वैकल्पिक सिकाइको प्रबन्ध गर्न तथा प्रारम्भिक बाल बिकास मा शिक्षण सामाग्री व्यवस्थापन गर्ने गरी पालिका भित्रका विद्यालयहरुलाइ रु.६,९७,१५० अनुदान निकासा भएको पाइयो । विद्यालयहरुलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा प्रत्येक कक्षा कोठामा बुक कर्नर स्थापना भए नभएको अनुगमन भएको पाइएन । पालिकाले अनुगमन गरी बुक कर्नर स्थापना गरे नगरेको यकिन गर्नुपर्दछ ।

६५ **दिवा खाजा :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा गर्दा आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा समावेश भएको प्रारम्भिक बाल विकासदेखी कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी प्रति विद्यार्थी दैनिक रु. १५ का दरले अधिकतम १८० दिनका लागी रकम निकासा गर्ने व्यवस्था रहेको। त्यस्तै, प्रत्येक चौमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने, स्थानीय तहबाट दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन गर्ने तथा सबै सामुदायिक विद्यालयलमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका तयार गर्नुपर्ने व्यवस्था रहेको छ कार्यालयले आ. व २०८०।८१ मा दिवा खाजाका लागी पालिका भित्रका विभिन्न ४४ वटा विद्यालयलाई विभिन्न गोश्वारा भौचरबाट रु. ५०,१०,३२५ निकासा गरेको छ।विद्यालयलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन ।पालिकाले अनुगमन निरीश्रण गरि कार्यक्रम कार्यान्वयनको प्रगती तथा तोकिएबमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बील भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

६६ **विद्यार्थी छात्रवृत्री :**

६६.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागी छात्रवृत्ती वापत अनुदान दिँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा विभिन्न विद्यालयहरुलाई रु.८,७७,२००।– छात्रवृत्ति अनुदान निकासा दिएको छ । उक्त छात्रवृत्ती रकम सम्बन्धित विद्यार्थीहरुले पाए नपाएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ।

६६.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **६,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **१७,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६७ **अनुगमन तथा सुपरिवेक्षण :**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्न गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। बैंकबाट भत्ता वितरणको स्टेटमेन्ट प्राप्त गरी अनुगमन समितिले वास्तविक लाभग्राहीले भत्ता पाए नपाएको, मृत्यु भएकालाई भुक्तानी भए नभएको एकिन गर्नुपर्दछ।

६८ **सामाजिक सुरक्षा कार्यक्रम :**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा,नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा कार्यक्रम भत्ता वितरणका लागी बैंकलाई रु.७,६९,९३,९२९।– निकासा दिएकोमा बैंकले रु.७,६८,०६,०२२।– बराबरको रकम लाभग्राहीको खातामा बितरण गरी बाँकी रु. १,८७,८८०। रकम बैंकमै रहेको पाइयो । बैंकलाई बढी निकासा दिएको रकम फिर्ता गरी संघीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा रु.

| लक्षित समुह | जम्मा कायम | | जम्मा वितरण | | फरक | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ४६६३ | ५५२७२६०५ | ४६४७ | ५५१२२००२ | १६ | १५०६०३ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १७० | १३१५१४१ | १६९ | १३१४०४० | १ | ११०१ |
| जेष्ठ नागरिक एकल महिला | ६९४ | ५४९५४७१ | ६९४ | ५४९५४७१ | ० | ० |
| विधवा | १०३१ | ८१२३७२९ | १०२७ | ८१०२४४९ | ४ | २१२८० |
| पूर्ण अपाङ्गता भत्ता | २१६ | २५७७००८ | २१६ | २५७७००८ | ० | ० |
| अति अशक्त अपाङ्गता भत्ता | ५९९ | ३८१७६३२ | ५९६ | ३८०२७३६ | ३ | १४८९६ |
| दलित बालबालिका | २५५ | ३९२३१६ | २५५ | ३९२३१६ | ० | ० |
| जम्मा | ७६२८ | ७६९९३९०२ | ७६०४ | ७६८०६०२२ | २४ | १८७८८० |

| (विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।) | प्रमाण पेश नगरेको | १,८७,८८० |
|---|---|---|

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तथा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७९ तयार गरेको छ । यस वर्ष फालेलुङ गाउँपालिका पाँचथरमा ९५ जना श्रमिकलाइ रोजगार सृजना गर्न नेपाल सरकारबाट र विश्व बैंकबाट रु.६१,५२,२०० रकम प्राप्त भएकोमा यस गाउँपालिका अन्तर्गत रहेका ८ वटा वडाहरूमा ८ वटा योजना सञ्चालन गरी यस वर्ष २०८९ जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये ९५ जनालाई ९६.९३ दिनले ९ हजार २ सय ३७ दिन रोजगारी उपलब्ध गराई रु.६१,५१,१७७ श्रमिक ज्याला वापत खर्च गरेको छ।उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालिन रोजागरी सृजना भएको देखिएन ।

**(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : फालेलुङ गाउँपालिका, पाँचथर , फालेलुङ गाउँपालिका , पाँचथर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | डम्बर बहादुर आङदेम्बे | २०७९-४-२२ | २०८१-७-९ |
| कार्यालय प्रमुख | सुमन यङ्या | २०८१-७-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिपेन्द्र कुमार चेम्जोङ | २०८०-१०-२९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८७१,९५४.२९ | ४,१८५,७११ | ३,२३४,०८४.४८ | ० | ० | २५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ९,५४१,७४९.७७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,८९६,९२२.५४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,६४४,८२७.२३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १११३४२८४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३८०८९८७९ | चालु खर्च | ४१३०७३४४३ |
| प्रदेश सरकारबाट अनुदान | ३३६९२००० | पूँजीगत खर्च | १५३२६६२४२ |
| राजश्व बाँडफाँट | ८४०१६३४९ | वित्तीय/अन्य व्यवस्था | ०.० |
| आन्तरिक आय | ६४६७४२२.० | | |
| अन्य आय | ५२१४९०६.० | | |
| कुल आय | ५६७४८०५५६ | कुल खर्च | ५६६३३९६८५ |
| बाँकी मौज्दात | | १२२७५१५५ | |

## बेरूजु दफा १९ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि.न. | योजनाको नाम | जम्मा लागत | लागत अनुमान अनुसार ढुङ्गाको परिमाण | अन्तिम विल बमोजिम को परिमाण | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | फरक दर | फरक रकम रु. | भरिया दुरी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २ | ४ | ५ | ६ | ७ | ८ | ९=७-८ | १०=९ X ६ | १२ | ढुङ्गाको |
| | | | | | | | | | | घनत्व |
| | | | | | | | | | | १८०० |
| | | | | | | | | | | रजिल्ला |
| | | | | | | | | | | दररेट |
| | | | | | | | | | | अनुसार |
| १ | Chuklawa Bagale Namfong Irrigation Project | ५७२६६०४ | १४० | १२६ | १२३१ | ८८६ | ३४५ | ४३३९० | ० | प्रतिकि. मि. |
| २ | Panawa Okharbote Jhagade Irrigation Project | ४७७८४५३ | १२७ | १३५ | १२३१ | ८८६ | ३४५ | ४६५१२ | ० | भरियाद्वारा |
| ३ | Baldhengre Kharibote Simalbote Irrigtion project | ८४८६५५२ | २४१ | १७९ | ४१० | २९५ | ११५ | २०५९७ | ० | ढुवानी |
| | Total | | | | | | | ११०४९९ | | रु१.६४१ |

## बेरूजु दफा ६८ सँग सम्बन्धित विवरण - अनुसूची - ४

| लक्षित समुह | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौँथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण संङ्ख्या | वितरण रकम | कायम संङ्ख्या | रकम | वितरण संङ्ख्या | वितरण रकम | कायम संङ्ख्या | रकम | वितरण संङ्ख्या | वितरण रकम | कायम संङ्ख्या | रकम | वितरण संङ्ख्या | वितरण रकम |
| **अन्य जेष्ठ नागरिक भत्ता** | ११२१ | १३३८७०३३ | ११२१ | १३३८७०३३ | ११३७ | १३५०१४३३ | ११३३ | १३४४९४३३ | ११७६ | १३८११९४१ | ११६८ | १३७४९५९६ | १२२९ | १४५७२१९८ | १२२५ | १४५३५९४० |
| **जेष्ठ नागरिक भत्ता (दलित)** | ४१ | ३१९२०० | ४१ | ३१९२०० | ४२ | ३२९८४० | ४२ | ३२९८४० | ४५ | ३३०९४१ | ४४ | ३२९८४० | ४२ | ३३५१६० | ४२ | ३३५१६० |
| **जेष्ठ नागरिक एकल महिला** | १७५ | १३७२५६० | १७५ | १३७२५६० | १७७ | १४०१७३१ | १७७ | १४०१७३१ | १७७ | १४०९८०० | १७७ | १४०९८०० | १६५ | १३११३८० | १६५ | १३११३८० |
| **विधवा** | २४९ | १९५७७६० | २४५ | १९३६४८० | २५६ | २०१३७०९ | २५६ | २०१३७०९ | २६२ | २०५६१८० | २६२ | २०५६१८० | २६४ | २०९६०८० | २६४ | २०९६०८० |
| **पूर्ण अपाङ्ग ताभत्ता** | ५३ | ६२६४३० | ५३ | ६२६४३० | ५४ | ६४५८४८ | ५४ | ६४५८४८ | ५४ | ६४६३८० | ५४ | ६४६३८० | ५५ | ६५८३५० | ५५ | ६५८३५० |
| **अति अशक्त अपाङ्गता भत्ता** | १५० | ९५५४७२ | १५० | ९५५४७२ | १५० | ९५३३४४ | १४८ | ९४४८३२ | १५० | ९५७६०० | १४९ | ९५१२१६ | १४९ | ९५१२१६ | १४९ | ९५१२१६ |
| **दलित बालबालिका** | ६६ | १०३४०३ | ६६ | १०३४०३ | ६४ | ९६७३५ | ६४ | ९६७३५ | ६३ | ९५७४२ | ६३ | ९५७४२ | ६२ | ९६४३६ | ६२ | ९६४३६ |
| **जम्मा** | १८५५ | १८७२१८५८ | १८५१ | १८७००५७८ | १८८० | १८९४२६४० | १८७४ | १८८८२१२८ | १९२७ | १९३०८५८४ | १९१७ | १९२३८७५४ | १९६६ | २००२०८२० | १९६२ | १९९८४५६२ |

## बेरूजु दफा ६९ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र स | योजनाको नाम | ठेगाना | श्रमिक संख्या | जम्मा कार्य दिन | लागत अनुमान | कार्य संपादन रकम | पालिकाबाट भूक्तानि रकम |
|---|---|---|---|---|---|---|---|
| १ | श्री एक नम्बर वडा स्तरिय सडक सोलिङ निर्माण | फालेलुङ१ | ११ | ११०० | ७३०५०९.१६ | ७३०९३० | ७३०००० |
| २ | पातले चोक जरीङगे जोगी डाडाँ सडक सोलिङ निर्माण | फालेलुङ २ | ११ | ११९८.१ | ७०५५८२.६० | ७०५८६८.७९ | ७००००० |
| ३ | ३ नम्बर वडा स्तरिय पदमार्ग सोलिङ निर्माण | फालेलुङ ३ | १४ | ११९७.६ | ९००४२४.३३ | ९००५३६.३३ | ८९९९९९ |
| ४ | श्री मेमेङ खानेपानी धारा निर्माण | फालेलुङ ४ | १२ | १२०० | ८०६७६८.५८ | ८०६७६८.५८ | ७९२००० |
| ५ | तीन कुहीरे सडक निर्माण साथै मर्मत | फालेलुङ ५ | १२ | १२०० | ८००४०७.६२ | ८०१३३९.४८ | ७९९९९६ |
| ६ | तीन छागे झर्ना पदमार्ग सोलिङ निर्माण | फालेलुङ ६ | १४ | १३४६.९४ | ९०००01.११ | ९०००२१.१५ | ८९९७५५ |
| ७ | नक्कले, सुकेआहाल,आहाल, आर्यघाट-फासुबुङ | फालेलुङ ७ | ११ | १०९३ | ७३०२२८.६४ | ७३०२५३.६९ | ७२९९९८ |
| ८ | तक्सङ खोला लिगिम्बा पदमार्ग मर्मत साथै सोलिङ कार्य | फालेलुङ ८ | १० | ९०१.६२ | ६००४९३.१४ | ६०२२९७.०९ | ५९९४२९ |
| **जम्मा** | | | **९५** | **९२३७** | **६१७४४१५.१८** | **६१७८०१५** | **६१५११७७** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।